वितरणपूर्व जाँच

**संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको नेपालस्थित प्रतिनिधि**
**रिचर्ड बेनेटद्वारा दिइएको वक्तव्य**
**मानवअधिकार दिवसको स्मरणमा राष्ट्रिय मानवअधिकार आयोगको कार्यक्रममा प्रस्तुत**
**२०६४ मङ्सिर २४, काठमाडौं**

सम्माननीय प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला, राष्ट्रिय मानवअधिकार आयोगका माननीय अध्यक्ष केदारनाथ उपाध्याय, संयुक्त राष्ट्रसङ्घीय महासचिवका विशेष प्रतिनिधि इयान मार्टिन, प्रतिष्ठित अतिथि, सहकर्मी तथा मित्रहरू,

सर्वप्रथम, म सबैलाई शान्तिपूर्ण मानवअधिकार दिवसको कामना व्यक्त गर्न चाहन्छु। यस अवसरमा म यस कार्यक्रमको आयोजना गर्नुभएकोमा राष्ट्रिय मानवअधिकार आयोगलाई धन्यवाद र केही महिना अगाडि नेपालको राष्ट्रिय मानवअधिकार संस्थालाई पुनःऊर्जा प्रदान गर्ने नयाँ आयुक्तहरूको नियुक्ति गर्नुभएकोमा प्रधानमन्त्रीज्यूलाई सार्वजनिकरूपमा बधाई पनि दिन्छु।

यस वर्षको मानवअधिकार दिवसले मानवअधिकारको विश्वव्यापी घोषणापत्रको ६०औं वार्षिकोत्सवसम्मको वर्षदिन लामो अभियानको प्रारम्भ गर्दछ। यस अभियानको विषयवस्तु हामी सबैका लागि मर्यादा तथा न्याय भन्ने हो र सो आजको विषयवस्तु पनि हो।

हरेक वर्ष डिसेम्बर १० (यस वर्षको मङ्सिर २४ गते) मानवअधिकारसम्बन्धी उपलब्धिहरू मनाउने र आगामी दिनका चुनौतीहरूबारे चिन्तन गर्ने दिन हो। (तीमध्ये एउटा चुनौती महिलाविरुद्धको हिंसा उन्मूलन गर्नु हो - यस मुद्दासम्बन्धी १६ दिने वार्षिक अभियान मानवअधिकार दिवसमा उत्कर्षमा पुग्नु संयोग होइन)। संयुक्त राष्ट्रसङ्घका महासचिव बान की मुनले आफ्नो वक्तव्यमा आज भन्नुभएझैं, मानवअधिकार दिवसले दोस्रो विश्वयुद्धको वीभीषिकाबाट रन्थनिरहेको त्यस बेलाको विश्वमा मानवअधिकारको विश्वव्यापी घोषणापत्र हामीले आज सहजै बुझेको अभिव्यक्ति – सबै मनुष्यको अन्तरनिहित मर्यादा तथा समानता – को पहिलो विश्वव्यापी अभिव्यक्ति थियो भन्ने हामीलाई स्मरण गराउँछ। तीन सय साठी भन्दा बढी भाषामा अनूदित सो घोषणापत्रले नव स्वाधीन राज्य तथा नयाँ लोकतान्त्रिक राज्यहरू दुवैका संविधानहरूलाई प्रेरणा दिएको छ।

द्वन्द्वबाट पार पाइरहेका तथा लोकतन्त्रतर्फको सङ्क्रमणमा रहेका देशमध्ये नेपाल एउटा हो, जसले उदाहरणार्थ, अनुमोदिित अन्तर्राष्ट्रिय सन्धिहरू, विस्तृत शान्ति सम्झौता, तथा अन्तरिम संविधानका प्रावधानहरूमार्फत् मानवअधिकारप्रतिको आफ्नो प्रतिबद्धताको घोषणा गरेको छ। तर, नेपाली जनताका लागि यी प्रतिबद्धतालाई यथार्थतामा परिणत गर्ने कार्य कठिन कार्य हो, जसको लागि ठूलो दृढता तथा अटलता आवश्यक छ।

यस प्रयत्नमा नेपालका हाम्रा सबै साझेदारलाई सहयोग गर्न मेरो कार्यालय - संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय - यहाँ हुन पाउँदा हर्षित छ। यस वर्ष नेपाल सरकार तथा नेकपा (माओवादी)ले मानवअधिकारको स्थितिबारे अनुगमन तथा प्रतिवेदन गर्न एवं नेपालमा मानवअधिकारको प्रवर्द्धन तथा संरक्षणका लागि राज्यअधिकारीहरूलाई नीति, कार्यक्रम, तथा अन्य उपायको तर्जुमा तथा कार्यान्वयनबारे सल्लाह दिने उच्चायुक्तको कार्यालयलाई कायदिश दिने सम्झौताको म्याद थपेकोमा हामी कृतज्ञ छौं। अन्य कुराका अतिरिक्त राष्ट्रिय मानवअधिकार आयोग, नागरिक समाजका प्रतिनिधि, मानवअधिकार गैसस, तथा व्यक्तिहरूलाई सल्लाहकार सेवा तथा सहयोग उपलब्ध गराउन पनि हामीलाई कार्यदिश दिइएको छ। यी जिम्मेवारी पूरा गर्नका लागि हाम्रो भरमग्दुर प्रयास जारी राख्नेछौं भनी म यहाँहरूलाई आश्वासन दिन्छु।

अन्य धेरै देशले झैं सबैलाई मर्यादित तथा न्यायका साथ आफ्नो जीवन बिताउन सक्ने सम्भावना सृजना गर्न नेपालले दण्डहीनता, भेदभाव तथा सामाजिक बहिष्करणलाई झेल्नु ुपर्दछ। संयुक्त राष्ट्रसङ्घीय विशेष प्रतिवेदकका कार्यदिश पाएकाहरूले आज भन्नुभएझैं, "दीर्घकालीन भेदभाव र बहिष्करणसँग तनाव, अस्थिरता तथा द्वन्द्वको सम्बन्ध अब राम्ररी प्रमाणित भएको छ, तर सो कुरा अझै सर्वत्र बुझिनुपर्दछ। सबैभन्दा माथिल्लो तहबाट भेदभाव विद्यमान छ भन्ने कुरा मान्ने र त्यसलाई सामना गर्ने राजनीतिक अठोट त्यसको उन्मूलनतर्फका अति महत्त्वपूर्ण पहिला कदम हुन्। बृहत् समाजमा भेदभावहीनता तथा समानता प्रवर्द्धन गर्ने कार्यमा नागरिक समाजका साझेदारका साथ राज्यले अगुवाइ गर्नैपर्छ र शिक्षा तथा सञ्चारमाध्यमलगायतका माध्यमबाट सामाजिक सामञ्जस्य तथा समावेशीकरणलाई प्रोत्साहन गर्ने प्रयासमा आफै अग्रसर हुनैपर्छ।"

नेपालका सम्बन्धमा, विशेषगरी तराईमा सार्वजनिक सुरक्षाको समस्या, विगत तथा जारी रहेका मानवअधिकार उल्लङ्घनहरूमा जवाफदेहीताको अभाव र सीमान्तकृत समुदाय तथा महिलालाई असर गर्ने जारी रहेका असमानतासँग लड्न तीव्र प्रयासहरू आवश्यक छन्। यी चुनौतीलाई रातारात पार गरिनेछ भन्ने भ्रममा उच्चायुक्तको कार्यालय परेको छैन। दशकौं पुराना भेदभावकारी अभ्यासहरूलाई सम्बोधन गर्दा आवश्यक हुनेजस्तै विभिन्न तहमा ठूला, दीर्घकालीन प्रयास गरेर मात्र दण्डहीनताको वातावरण हटाउन सकिन्छ। सरकार, नेकपा-माओवादीलगायतका राजनीतिक दल तथा नागरिक समाजको दृढ प्रयास आवश्यक छ। यस सन्दर्भमा गत बर्षका क्रममा साहस, दृढता, तथा धेरै कुशलताका साथ मानवअधिकारको प्रवर्द्धन तथा संरक्षण गर्ने आफ्ना कार्यलाई निरन्तरता दिने महिला आन्दोलन, जातीय अल्पसङ्ख्यक, आदिवासी, अपाङ्ग, यौन अल्पसङ्ख्यकहरूका लागि काम गर्ने समूह, अन्य सामाजिकरूपमा सीमान्तकृत समुदाय, तथा निश्चय नै मानवअधिकार रक्षक संस्थालगायतका सदस्यहरूको योगदानको प्रशंसा गर्न चाहन्छु।

यी सबै समुदायलाई सहयोग तथा सहकार्यका लागि उच्चायुक्तको कार्यालय–नेपालसँग आफ्नो सम्पर्क राखिरहन म प्रोत्साहन गर्न चाहन्छु। मानवअधिकार उच्चायुक्त लुइस आर्बरद्वारा मानवअधिकार दिवसका अवसरमा दिइएको वक्तव्यलाई उद्धृत गर्दै म आफ्ना मन्तव्य समाप्त गर्न चाहन्छु : यस वर्षको क्रममा विश्वको प्रत्येक व्यक्तिलाई आफ्नो संरक्षणका लागि न्यायपूर्ण कानुनमा भर पार्न सकियोस् भन्ने कुरा सुनिश्चित गर्न अभूतपूर्व प्रयास गरिनैपर्छ। सबैका लागि सबै मानवअधिकारलाई अगाडि बढाउँदै हामी मानव सामर्थ्यको सबैभन्दा ठूलो कुरा प्राप्ति गर्नेतर्फ बढ्ने छौं जुन प्रतिज्ञा विश्वव्यापी घोषणापत्रको मुटुमा रहेको छ।

धन्यवाद।

**For further information contact Marty Logan at OHCHR-Nepal:**
**Tel.: 428 0164 (Ext.321); Mobile 98510.16922 or mlogan@ohchr.org**